Regd. No. 981/066-67 Ktm.
NATIONAL CAMPAIGN FOR EDUCATION - NEPAL
(NCE-Nepal)
Babarmahal, Kathmandu
Phone : 6203009

Ref. No.

# कोरोना भाइरस (COVID-19) महामारीमा शिक्षा अधिकार सुनिश्चितताका निमित्त शिक्षाका लागि राष्ट्रिय अभियान(एनसिई) नेपालको आव्हान

कोरोना भाइरस (COVID-19) ले विश्वव्यापी महामारीको रुप लिईरहेको छ । यस महामारीले विश्वभरका करिव १.५७ बिलियन (विश्वभरका कुल विद्यार्थी संख्याको करिव ९२ प्रतिशत) बालबालिका विद्यालय जान सकिरहेका छैनन् । नेपालमा समेत ७० लाख भन्दा बढी बालबालिकाहरु हाल विद्यालय जान नपाई घरमै बस्न बाध्य छन् । तर जस्तोसुकै आपतकालिन वा विषम परिस्थितिमा पनि सुरक्षित रुपले शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको नैसर्गिक मानव अधिकार हो । महामारी वा आपतकालिन अवस्थामा सबैभन्दा बढी चपेटामा पर्ने बालबालिकाहरू र उनीहरूको बालमस्तिष्क हो । तसर्थ महामारीको अवस्थामा बालमनोविज्ञानमा कुनै नकरात्मक प्रभाव पर्न नदिई उनीहरूको सिकाइलाई निरन्तरता दिई बालबालिकाहरूको समान, समावेशी, गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु सबै तहका सरकार, विकासका साझेदार, गैर सरकारी संघसस्थाहरू, नागरिक समाज, शिक्षक, अभिभावक तथा सबै सरोकारवालाहरूको प्रमुख दायित्व हो । तसर्थ हामी नागरिक समाज एवम् शिक्षा क्षेत्रमा क्रियाशील शिक्षाकर्मी, शिक्षाविद्हरुले संयुक्त रुपमा सबै बालबालिकाहरूले निर्वाध र विना भेदभाव शिक्षा पाउने अधिकारको सुनिश्चित गर्नु राज्यको दायित्व हो भन्ने कुरालाई जोड दिई यस कार्यमा सबै तहका सरकारलाई आवश्यक सहयोग गर्ने प्रतिवद्धता सहित स्थानीय, प्रदेश तथा संघीय सरकार समक्ष निम्नानुसारको आव्हान गर्दछौं ।

## सबै तहका सरकारको संयुक्त दायित्व

१. COVID-19 को महामारीको विषम परिस्थितिमा शिक्षाको भूमिका अझ बढोत्तरी हुने र यस महामारीले शिक्षा क्षेत्रमा पारेको प्राभवलाई पून:ताजगी गर्न समेत शिक्षा क्षेत्रमा बार्षिक रूपमा छुट्याउने बजेटका अतिरिक्त थप बजेट छुट्याउन संघ, प्रदेश र स्थानीय सरकार एवं दातृ निकायहरू समेतलाई आव्हान गर्दछौं ।

२. तीनै तहका सरकारद्वारा शिक्षकहरूको पेशागत विकासमा ध्यान दिंदै प्रविधिको प्रयोग र दूर शिक्षाका माध्यमहरूमा उनीहरुको क्षमता र सीप अभिबृद्धिमा समेत जोड दिन आव्हान गर्दछौं । भौगोलिक तथा आर्थिक रुपले विटक समुदायमा रहेका शिक्षकहरुको सीप विकास र उनीहरुले प्रदान गर्नसक्ने दूर शिक्षाका माध्यम र शिक्षकहरुले गर्न सक्ने विद्यार्थी तथा अभिभावक परिचालनमा विषेश ध्यान दिन आग्रह गर्दछौं ।

३. हरेक वर्ष नेपालले कुने न कनै प्रकारका विपत सामना गर्दै आएको छ । कहिले बाढी कहिले पहिरो कहिले भूकम्प कहिले आगलागी त कहिले स्वास्थ्य सम्बन्धी महामारी । यसका कारण विद्यालय तथा अन्य शैक्षिक सस्थाहरू प्रभावित हुदै आएका छन् । सबै विद्यालयहरुलाई प्रविधिमा जोड्ने सरकारको योजना प्रभावकारीरुपमा कार्यन्वयन हुन नसक्दा अहिलेको महामारीको अवस्थामा समेत बालबालिकाहरुको शिक्षण सिकाई निर्वाध हुन सकेको छैन । तसर्थ आगामी दिनहरुमा यस्तो अवस्था आउन नदिन अत्यावश्यक भौतिक तथा मानवीय पूर्वाधारको विकासका लागि तत्काल योजनावद्ध रुपमा कार्य थालनीका लागि आह्वान गर्दछौ ।

४. अनलाईन तथा प्रविधिको नाममा शिक्षाका निजी क्षेत्रको अनावश्यक संलग्नता अझ बढ्दै जाने देखिन्छ । यसले समाजमा आर्थिक तथा सामाजिक खाडल सिर्जना गर्ने, अल्पसंख्यक तथा सिमान्तकृत समुदायका बालबालिका शिक्षाको पहुँचबाट टाढै रहन सक्ने, समाजमा प्रविधि विभेद (Digital Divide) को अवस्था सृजना हुने र अन्ततोगत्वा संविधानले सुनिश्चित गरेको समाजवाद उन्मुख गुणस्तरीय, समावेशी, समतामूलक र निःशुल्क शिक्षा प्राप्त गर्ने मौलिक अधिकारमाथि थप चुनौति थप्ने हुँदा हामी सबै तहका सरकारहरुलाईसजग रहन ध्यनार्कषण गराउन चाहान्छौं ।

**संघीय सरकार**

५. अहिलेको महामारीको अवस्थामा कक्षा कोठामा आधारित शिक्षण सिकाई क्रियाकलापहरु तत्काललाई सम्भव नभएको हुँदा घरबाटै सिकाई (Home Schooling), अनलाईन तथा प्रविधिमा आधारित सिकाई क्रियाकलापहरु संचालन गर्नुपर्ने अवस्था छ । तर अझै पनि नेपालका ४६ प्रतिशत भन्दा वढी जनता ईन्टरनेट तथा सामान्य अनलाईन प्रविधिको पहुँचबाट बाहिर छन् । नेपालको सामुदायिक विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थीहरू, ग्रामीण क्षेत्र, सिमान्तकृत तथा पिछडिएको समुदाय तथा दैनिक ज्यालादारी गर्ने मजदुर परिवारबाट आएका हुँदा उनीहरुको पहुँच ईन्टरनेटमा अत्यन्तै कमी छ । तसर्थ सिमान्तकृत परिवारको ईन्टरनेटमा पहुँच अभिबृद्धि गर्दै दूर तथा खुला सिकाइमा आधारति शैक्षिक कार्यक्रमहरू वा अनलाइन सिकाइ प्रविधि, टि.भी, रेडियो, मोवाइल तथा सोही प्रकारका विधिद्वारा निरन्तर सिकाइको सुनिश्चितता गर्न आव्हहान गर्दछौं । यस विधिले विद्यालय बाहिर रहेका हजारौं बालबालिकालाई समेत शिक्षामा अभिप्रेरित गर्न सक्ने अवसर प्राप्त हुनसक्नेछ । साथै हालको पाठ्यक्रमलाई पुनपरिमार्जन गरि यस शैक्षिक सत्रभित्र समायोजन गर्न आग्रह गर्दछौं ।

६. एसईई, कक्षा ११ र १२ को परीक्षा अनिश्चित भएको अवस्थामा यसले विद्यार्थीको मानसपटलमा असर गर्ने भएकोले अन्तराष्ट्रिय जगतमा भएका अभ्यासलाई समेत आधार मान्दै अन्य वैकल्पिक व्यवस्थाद्वारा विद्यार्थीको मूल्यांकन गर्ने विधि अवलम्वन गर्न सरकारलाई अ्व्हान गर्दछौं ।

७. विपतका समयमा बालबालकिाको सिकाइलाई निरन्तरता दिने उपयुक्त माध्यमका रुपमा डिजिटल प्रविधिमा आधारित सिकाइलाई उत्तम विकल्पका रुपमा लिइन्छ । यसका लागि विद्युतीय प्रविधिमा आधारित सिकाइ ( टिभि रेडियो, मोवाइल आदि) प्रविधिमा आधारति सिकाइका लागि आवश्यक पूर्वाधार विकास गरी शिक्षक तयारी सिकाइ सामग्री विकास जस्ता कार्यहरु तत्काल प्रारम्भ गृन आग्रह गर्दछौ ।

८.विपतको समयमा महिला, बालिका,अपाङ्गता भएका बालबालिकाहरू बढी जोखिममा रहन्छन् । समग्रमा यस्ता समूहहरु विपतका समयमा लैङगिक हिंसा तथा सुरक्षाको पक्षबाट उच्च जोखिममा रहने र हिंसाको शिकार हुने गरेका छन् । यस्तो गम्भीर अवस्थाको समाधानका लागि उनीहरुको स्वास्थ्य सुरक्षा परामर्श तथा सल्लाहको उचित प्रवन्ध हुन जरुरी छ । तसर्थ यस तर्फ पनि विशेष प्राथमिकताका साथ वाल सुरक्षा र सरक्षणसम्बन्धी सचेतना, उजुरी सयन्त्र, उजुरी व्यवस्थापनका लागि आवश्यक संयन्त्र तथा क्षमता विकासमा उच्च प्राथमिकता दिन जोडदार माग गर्दछौं ।

९. स्थानीय सरकारलाई आफ्नो अवस्था अनुकुल काम गर्न अप्ठेरो पार्ने कानुनी अड्चनहरु फुकाइदिन निर्वाध काम गर्ने वातावरण बनाउन आग्रह गर्दछौं ।

**प्रदेश सरकार**

१०. यस महामारीको अवस्थामा शिक्षा क्षेत्रलाई वैकल्पिक उपायबाट सूचारु राख्न नागरिक समाजको समेत प्रतिनिधित्वमा प्रदेश स्तरीय शिक्षा समूह गठन गरीकार्य शुरु गर्न आव्हान गर्दछौं ।

११. स्थानीय सरकार र संघीय सरकारसँगको समन्वयमा आम जनता र बालबालिकाहररूको सुरक्षा तथा संरक्षणको लागि संचेतनाका कार्यक्रम संचालन गर्न आव्हान गर्दछौं ।

**स्थानीय सरकार**

१२. बालबालिका, शिक्षक तथा शिक्षा सहयोगीहरुको स्वास्थ्य र सुरक्षालाई विषेश ध्यान दिंदै सुरक्षित तथा स्वस्थ्य वातावरणमा सिकाइ आदान-प्रदान गर्ने, सफा पानी तथा सरसफाई एवम्फेस मास्क जस्ता सामग्रीको सुनिश्चितता स्थानीय सरकारबाटै गर्न आग्रह गर्दछौं ।

१३. महामारीको रोकथाम तथा जोखिम न्युनिकरणका निमित्त विद्यालय तथा समग्र शैक्षिक समुदायलाई महामारी बारे सही सूचना, तथ्याङ्क र मार्गदर्शन प्रदान गरी जोखिम न्यूनिकरणमा उनीहरुको सहभागिता र अपनत्व सुनिश्चित गर्न आग्रह गर्दछौं ।

१४. सिमान्तकृत समुदायका बालिकाहरु यस महामारीको अवस्थामा विभिन्न प्रकारका घरेलु हिंसामा पर्नसक्ने विभिन्न अध्ययनहरुले देखाएका छन् । तसर्थ बालिकाहरुको सुरक्षा तथा संरक्षणलाई विशेष ध्यानमा राखी प्रहरी प्रशासन, स्थानीय सरकार, नागरिक समाज र समुदायमा आधारित अन्य संघ/संस्थाहरुले अनुगमन तथा विशेष सावधानीको सुनिश्चित गर्न आग्रह गर्दछौं ।

१५.बन्दाबन्दीको समयमा घरमा भएका, स्वःसँगघोष (क्वारेन्टाईन) मा भएका वा अन्यत्र जहाँ रहेका भएपनि बालबालिकाहरुको सुरक्षा, सु-स्वास्थ्य, पोषण एवम् शिक्षा सहितका मनोसामाजिक परामर्शका कार्यक्रमहरु स्थानीय संचारमाध्यमहरुको परिचालन गरी संचालन गर्न आव्हान गर्दछौं ।

१६.विद्यालयहरु बन्द रहेको, घरमा पढ्ने वातावरण उपलब्ध नभएको, के पढ्ने भन्ने कुराको अन्यौल रहेको र घरपरिवारमा खेतीबाली थन्काउने समय भएको हुँदा परिवारका सदस्यहरुलाई सघाउने नाममा बालबालिकाहरुको विकास हुने अधिकार अनिश्चित बन्ने तथा बालबालिकाविरुद्ध हिंसा हुने सम्भावना लाई ख्याल गर्दै यस्तो अवस्था आउन नदिन कानुनी व्यवस्थालाई समेत मध्यनजर गरी सुक्ष्म अनुगमन तथा निगरानी गर्नका लागि स्थानीय जनप्रतिनिधि, नागरिक समाजका प्रतिनिधि तथा शिक्षक सहितको अनुगमन समिति बनाएर कियाशील बनाउन आव्हान गर्दछौं ।

**अभिभावक तथा नागरिक समाज**

१७. अभिभावक तथा विद्यार्थीहरुलाई यस महामारीको समयमा यसले पार्न सक्ने प्रभाव तथा असरहरुको बारेमा स्थानीय रेडियो, टेलिभिजन, बाल हेल्पलाईन १०९८ तथा विभिन्न सामााजिक संजालको प्रयोग गरी जनचेतनामुलक कार्यक्रम संचालन गर्ने । स्मरण रहोस यस अभियानले अभिभावक, विद्यार्थी तथा शिक्षकहरुको सचेतना अभिबृद्धि गर्न विभिन्न सामाजिक संजाल तथा स्थानीय रेडियोहरुको प्रयोग गरि सन्देशमुलक सामाग्रीहरु प्रशारण गरिरहेको छ ।

१८. नागरिक समाजको तर्फबाट स्थानीय स्तरमा बिभिन्न अनुगमन, तथ्यांक संकलन तथा अध्ययन अनुसन्धानका कार्यहरु संचालन गर्ने र त्यसको आधारमा देखिएका राम्रा तथा सुधार गर्नुपर्ने पक्षहरु सरकारलाई प्रस्तुत गर्ने ।

१९. विभिन्न संचारमाध्यमसँग सहकार्य गरी सार्वजानिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुले घरमै गरिरहेका घरायसी कामहरु भित्रै ज्ञान र सिप (बिज्ञान, भाषिक सिप, प्रबिधि, सामाजिक मूल्यमान्यता एवम् सिप, इत्यादि) बारे खोज तथा अभ्यास गर्न प्रोत्साहित गर्ने । साथै अन्य बालबालिकाहरुलाई यस्ता कार्यमा प्रोत्साहित गर्न विद्यार्थीका सृजनाहरुको प्रचार प्रसार गरिदिने ।

२०. सामाजिक संजाल अर्थात् अन्य अनलाईनको माध्यमबाट विभिन्न नीतिगत छलफल तथा बहस चलाउने र त्यसको निष्कर्ष सरकारलाई प्रस्तुत गर्ने । साथै सरकारले संचालन गर्ने बिभिन्न कार्यक्रमहरुमा साझेदारी गर्ने र नागरिक समाजको तर्फबाट संयुक्त बहस तथा पैरवी गर्ने ।

यस अभियानको तर्फबाट सधन्यवाद सहित

डिल्लीराम सुवेदी
अध्यक्ष
**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल**

**शिक्षाविद् एंव शिक्षा अधिकारकर्मीहरु**
श्री. केदार भक्त माथेमा
प्रा.डा. मन प्र. वाग्ले
प्रा.डा. विद्यानाथ कोइराला
प्रा. डा. सुशन आर्चाय
प्रा.डा. विनय कुसियत
डा. महाश्रम शमा
श्री गौरी प्रधान
डा. बावुराम अधिकारी

डा. पदम खतिवडा
श्री. भुपराज खड्का
श्री. दिर्घनारायण श्रेष्ठ
श्री. बाबुकाजी श्रेष्ठ
श्री. राजकुमार गन्धर्व
डा. पुर्ण नेपाली
श्री. सलोनी सिंह